## मालिका गाउँ कार्यपालिकाको ८३ औं बैठक/स्थान:अध्यक्ष ज्यूको कार्यकक्ष

मिति २०८३ साल असोज महिनाको ५ गते सोमवार

अध्यक्षता: श्रीमान् वेग प्रसाद गर्वुजा ज्यू ,गाउँपालिका अध्यक्ष

| क्र.सं. | नाम,थर | पद/कार्यालय | हस्ताक्षार |
|---|---|---|---|
| १. | श्री वेग प्रसाद गर्वुजा | अध्यक्ष, मालिका गा.पा. | |
| २. | श्री लक्ष्मी देवि घर्ति मगर पुन | उपाध्यक्ष,मालिका गा.पा. | |
| ३. | श्री ~~टंक प्रसाद पुन~~ मानबिर सापकोटा | का.वा. वडा अध्यक्ष, मालिका-१ | |
| ४. | श्री उदय कुमार बुढाथोकी | वडा अध्यक्ष,मालिका-२ | |
| ५. | श्री मोति प्रसाद वुढा | वडा अध्यक्ष,मालिका-३ | |
| ६. | श्री भजेन्द्रमान पुन | वडा अध्यक्ष,मालिका-४ | |
| ७. | श्री मिम पुन | वडा अध्यक्ष,मालिका-५ | |
| ८. | श्री पथ बहादुर रोका | वडा अध्यक्ष,मालिका-६ | |
| ९. | श्री टक बहादुर पुन | वडा अध्यक्ष,मालिका-७ | |
| १०. | श्री अनुप गौचन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| ११. | श्री मन कुमारी पुन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १२. | श्री प्रतिक्षा वि.क. | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १३. | श्री देवि पटेल | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १४. | श्री छरदेवी घर्ती | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १५. | श्री दल बहादुर खड्काथोकी | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १६. | श्री हरिश्चन्द्र ढकाल | प्र.प.अ.,मालिका गा.पा. | |
| | **अन्य उपस्थिति** | | |
| १७. | अशोक रिजाल | शिक्षा अधिकृत | |
| १८. | आराम थापा मगर | प्रशासकीय अधिकृत | |
| १९. | बसन्त थापा मगर | सहायक प्रशासकीय अधिकृत | |

## निर्णयहरु:

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरबाङ, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३

**प्रस्ताव नं.१ : शिक्षक दरबन्दी मिलान सम्बन्धमा ।**

**निर्णय:** मिति २०८३/०६/०३ गतेको गाउँ शिक्षा समितिको बैठकको सिफारिस अनुसार श्री सरस्वती आधारभुत विद्यालय मालिका १ को शिक्षक दरवन्दी मिलान सम्वन्धमा हाललाई यथावत् राख्ने र श्री जनकल्याण आधारभुत विद्यालय मालिका ७ ढुनोटमा शिक्षक विद्यार्थी अनुपात नमिलेको, शैक्षिक सत्र २०८३ मा कक्षा तीनमा विद्यार्थी संख्या शुन्य र अन्य कक्षा समेत कम विद्यार्थी भएको आधारमा तहाँ विद्यालयमा कार्यरत शिक्षक मध्ये नियुक्ती मितिको जुनियरको आधारमा श्री भगवति आधारभुत विद्यालय मालिका ६ मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (ज) को ११ अनुसार सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलानको नियमानुसार खटनपटन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ : बालविकास सहजकर्ता, विद्यालय लेखा सहायक र विद्यालय सहयोगिको तलब भत्ता सम्बन्धमा ।**

**निर्णय:** आर्थिक वर्ष २०८३/०८४ देखि मालिका गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत बालविकास सहजकर्ता , विद्यालय लेखा सहायक र सहयोगी कर्मचारी पदको मासिक तलबमानमा संघीय सरकारले विनियोजित गरेको रकम क्रमश रु १७ हजार, २० हजार र १५ हजारमा गाउँपालिकाले यो आर्थिक वर्ष देखि क्रमश रु ६ हजार, ५ हजार र ७ हजार थप गरी बालविकास सहजकर्ताको लागि मासिक रु २३ हजार विद्यालय लेखा सहायकका लागि मासिक २५ हजार र सहयोगी कर्मचारीको लागि मासिक रु २२ हजार व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: अदालतको फैसला कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय:** म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं.६ निवासी रत्न कुमारी पटेलले दरबाङ्ग, हुलाक चोकमा रहेको दरबाङ्ग- ताकम सडक खण्डमा आफ्नो जग्गा सडकको रुपमा विना अनुमति उपयोग गरिएको भनि क्षतिपूर्ति माग गरेको तथा क्षतिपूर्ति नपाए उक्त जग्गामा घेराबार गर्ने भनि गाउँपालिकामा निवेदन दर्ता गराएको सम्बन्धमा सम्मानित उच्च अदालत बाग्लुङ्ग इजालसबाट फैसला भइसकेको हुँदा सोही वमोजिम नै हुने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: मनसुनजन्य विपद् बाट क्षति भएका सडकहरु मर्मत सम्बन्धमा ।**

**निर्णय:** मनसुनजन्य विपद्बाट क्षति भएका सडकहरु मर्मत कार्यका लागि वडाहरुमा बजेट विनियोजन भए अनुसार सम्बन्धित वडाको जनप्रतिनिधिको रोहवरमा प्राविधिकको स्थलगत लागत अनुमान तयार गरी सार्वजनिक खरिद नियमावली वमोजिम वडागत रुपमा शिल कोटेशन मार्फत सडक मर्मत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५: मनसुनजन्य विपद्बाट क्षति भएका अत्यावश्यक सडकहरु मर्मत सम्बन्धमा ।**

**निर्णय:** मनसुनजन्य विपद्वाट क्षति भएका अत्यावश्यक सडकहरु तत्कालै मर्मत गर्नुपर्ने भएमा, शिल कोटेशन मार्फत मर्मत गर्नु भन्दा अगाडि भएका मर्मत कार्यको भुक्तानी मालिका गाउँपालिकाको विपद् कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय:** म्याग्दी जिल्ला मालिका गाउँपालिकावासी देहाय वमोजिमका व्यक्तिहरु देहायको मितिमा प्राकृतिक प्रकोप विपद्वाट प्रभावित भएको, निजहरुको आर्थिक अवस्था न्युन कमजोर रहेको हुँदा गाउँपालिकाबाट आर्थिक सहायता तथा पुनर्स्थापना स्वरुप देहायको सहयोग राहत आकस्मिक विपद् कोष शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र. सं. | नाम थर | ठेगाना | विपद्को विवरण | मिति | सहायता रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | चनमाया श्रेष्ठ | मालिका-५ | ढुङ्गा खसी घरमा क्षति | २०८३/०५/१३ | ३० हजार | |
| २. | नविन पुन | मालिका-५ | ढुङ्गा खसी घरमा क्षति | २०८३/०५/१३ | ३० हजार | |
| ३. | राम बहादुर घर्ति | मालिका-५ | ढुङ्गा खसी घरमा क्षति | २०८३/०५/१३ | ३० हजार | |
| ४. | कालु पुन | मालिका-५ | ढुङ्गा खसी घरमा क्षति | २०८३/०५/१३ | ३० हजार | |